# नेपाल आदिवासी जनजाति महासंघ

संघीय परिषद् सचिवालय

Nepal Federation of Indigenous Nationalities (NEFIN)

Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


मिती २०७१ चैत्र ११ गते

आदरणीय पत्रकार मित्रहरु

## पत्रकार सम्मेलन

संविधान निर्माण प्रक्रियामा मुलुक अगाडि बढिरहेको वर्तमान समयमा पहिचान सहितको संघीयता, शासकीय स्वरुप, निर्वाचन प्रणाली, धर्म निरपेक्षता, समानुपातिक समावेशी बारे राजनैतिक दलहरु विगतको सहमतिबाट पछि हट्न खोजिरहेका कारण जताततै अन्यौल र अनिश्चितता व्याप्त रहेको वस्तुगत तथ्यलाई मध्यनजर राख्दै,

अन्तरिम संविधानको व्यवस्था, मर्म र भावना विपरित अझैपनि सबै क्षेत्रमा शोषण दमन, अन्याय, थिचोमिचो, विभेद, पहिचान सहितको संघीयता तथा हक अधिकार सुनिश्चित हुन नसकेको र नयाँ बन्ने संविधानमा पनि ती अधिकारहरु संस्थागत हुन नसक्ने खतरा बढिरहेको तर्फ दृष्टिगत गर्दै आदिवासी जनजातिहरुको पहिचान तथा हक अधिकार सुनिश्चित भएको संविधान निर्माण गर्न सशक्त आन्दोलनको बिकल्प छैन भन्ने ठहर नेपाल आदिवासी जनजाति महासंघको पूर्ववत अडानलाई निरन्तरता दिँदै,

मुलुकको सार्वभौमिकता, एकता, राष्ट्रिय अखण्डता र स्वाधिनताको प्रतिको महासंघको प्रतिवद्धता प्रति पुनः प्रतिबद्ध हुँदै, समानताको आधारमा पहिचान सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक सविधान, र धर्मनिरपेक्षता, आत्म निर्णयको अधिकार, जातीय स्वायत्तता सहितको प्रदेश, विशेष स्वायत्त क्षेत्र तथा संरक्षित क्षेत्र, समानुपातिक निर्वाचन प्रणाली र राज्यका सबै क्षेत्र, अंग र तहहरुमा जातिय, क्षेत्रीय, भाषिक, धार्मिक तथा लैगिक जनसंख्याको आधारमा समाबेशी तथा समानुपातिक प्रतिनिधित्व र श्रोत माथिको पहुँच र नियन्त्रण सुनिश्चित गराउनको लागि बिगतमा नेपाल सरकार र महासंघबीच भएको सम्झौताहरुको पुनः स्मरण गराउदै,

अन्तरिम संविधानको मर्म तथा पहिलो संविधान सभामा भएका सहमतिका सम्पूर्ण मुद्दाहरु दोस्रो संविधानसभाले स्वामित्व ग्रहण गर्ने भन्ने सहमतिबाट पछि हटि प्रमुख राजनैतिक दलहरु राज्यपूनर्संरचनाको खाका तयार गरिरहँदा नेपाल आदिवासी जनजाति महासंघ र सरकारबीच सम्पन्न सम्झौता बिपरित हुनेगरी पहिचान विहीन संघीय प्रदेशहरुको प्रस्तावलाई अस्वीकार गर्दै,

विगतमा नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ लगायत विभिन्न आदिवासी जनजाति सरोकारवालाहरुसँग गरिएका सहमति र सम्झौताहरुबाट यो संविधान सभा र प्रमुख राजनैतिक दलहरु पछाडि हट्ने सम्भावना र प्रयत्न हुनसक्ने सम्भावना बढदै गएको हुँदा विगतमा सम्पन्न आदिवासी जनजातिहरुको आन्दोलन भन्दा अझ सशक्त र जुझारु आन्दोलन सम्पन्न गर्नुपर्ने आवश्यकतालाई मध्यनजर राख्दै,

नेपाल आदिवासी जनजाति महासंघको नेतृत्वमा देशव्यापी रुपमा सशक्त आन्दोलन गर्नका लागि नेपाल आदिवासी जनजाति महासंघ, सम्पूर्ण आदिवासी जनजातिका जातीय संगठन, सम्बन्धन संगठनहरु, महासंघको प्रवासी आदिवासी जनजाति संगठनहरु, जिल्ला, नगर तथा गाउँ समन्वय परिषदहरु, तथा सम्पुर्ण आदिवासी जनजाति सरोकारवाला संगठनहरु, आदिवासी जनजाति अगुवा, अधिकारकर्मी, नेपाल आदिवासी जनजाति महासंघका पूर्व नेतृत्व तथा पदाधिकारीहरुमा निर्णायक आन्दोलनको आह्वान गर्दै, नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषदको ४४औं बैठक नियमित एजेण्डाहरुको निर्णय सहित २० बुदे विशेष निर्णय (लुम्ले घोषणपत्र) गरी पारित गर्दछ ।

## नेपाल आदिवासी जनजाति महासंघ
## संघीय परिषद्को ४४औं बैठकबाट पारित निर्णयहरु (लुम्ले घोषणापत्र)
## २०७१ चैत्र ८ गते लुम्ले, कास्की

१. आदिवासी जनजाति लगायत राज्यले पछाडी पारिएका समुदायको मुद्धाहरु नयाँ बन्ने संविधानमा लिपिवद्ध गर्न आदिवासी जनजाति शक्तिलाई एकिकृत गरी लडनु पर्ने आवश्यकतालाई आत्मसाथ गर्दै, नेपाल आदिवासी जनजाति महासंघले उठाएको मुद्धाहरुसँग मिल्ने सवै पहिचान र अधिकारमुखी आन्दोलनहरुमा सहकार्य र समन्वय गर्दै अघि वढ्न नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषदको ४४औं बैठक यो प्रस्ताव पारित गर्दछ ।

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


२. संविधान निर्माण प्रकृयालाई सहमतिवाटै निष्कर्षमा पुऱ्याउन सवै राजनितिक दलहरुलाई दवाव दिन यो वैठक प्रस्ताव पारित गर्दछ ।

३. नेपाल सरकारले संवैधानिक अंगहरुमा र अन्य विभिन्न महत्वपूर्ण निकाय तथा समितिहरुमा नियुक्ति र मनोनयन गर्दा समानुपातिक समावेशी नीति अनुरुप नभएको प्रति यो वैठक विरोध गर्दै आदिवासी जनजातिहरुको सहभागिता सुनिश्चित गर्न गराउन सम्वन्धित निकाय सँग यो वैठक जोडदार माग गर्दछ ।

४. नयाँ संविधानमा आदिवासी जनजातिहरुको अधिकार र पहिचान सहितको प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्रहरु स्थापित गर्न गराउनको लागी आदिवासी जनजाति सभासदहरुलाई संगठित गर्ने प्रयासलाई सार्थक र सफल वनाउनको लागी संविधानसभा भित्र आदिवासी जनजाति सभासद सभा (ककस) निर्माण गरी निर्णायक भुमिकाको अपरिहार्यतालाई आत्मसात गर्दै सो गठन र यसको लागि नेपाल आदिवासी जनजाति महासंघले सक्रिय भुमिका निर्वाह गर्नेलागि यो बैठक प्रस्ताव पारित गर्दछ ।

५. नेपाल आदिवासी जनजाति महासंघ यही मिति २०७२ बैशाख २२ गते स्थापना भएको २५ वर्ष (रजत जयन्ति) प्रवेश गरेको सन्दर्भमा खुशी व्यक्त गर्दछ । साथै सो रजत जयन्तिलाई पहिचान सहितको संघीयता र संघीयता सहितको नयाँ संविधान निर्माण गर्ने गराउने आन्दोलनकोरुपमा भव्यताकासाथ मनाउन यो बैठक प्रस्ताव पारित गर्दछ ।

६. संविधानसभाको वर्तमान अवस्थालाई हेर्दा संविधानमा रहेका प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुको गतिविधि अग्रगमन भन्दा पश्चागमन तिर फर्केको आदिवासी जनजातिसँग विगतमा गरिएका २० र ९ वुंदे सम्झौता र वभिन्न आविासी जनजाति संगठनहरु सँग भएका सम्झौतावाट पछि हट्न खोजेको, अन्तरिम संविधानको मूल मर्म, अघिल्लो संविधानसभाको राज्य पुनरसंरचना तथा शक्ति बाँडफाँड समिति तथा राज्य पुनरसंरचना आयोग आदिबाट संविधानसभा पछि हट्न खोजेकोले यसको विरुद्ध निर्णायक आन्दोलनका लागि नेपाल आदिवासी जनजाति महासंघ र महासंघका सम्पूर्ण जातिय सदस्य संगठनहरु, सम्वन्धन संगठनहरु सक्रिय हुने प्रस्ताव पारित गर्दछ ।

७. आदिवासी जनजातिको पहिचान, आत्मसम्मान र प्रतिष्ठामा आँच पुऱ्याउने गरी कतिपय राजनितिक दलका प्रमुखहरुले दिएको अभिव्यक्ति प्रति यो वैठक खेद प्रस्ताव पारित गर्दछ ।

८. नेपाल सरकारले अनुमोदन गरिसकेको अन्तरराष्ट्रिय श्रम संगठन महासन्धि नं. (ILO) १६९ र आदिवासी जनजातिको अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणापत्रमा उल्लेख भएको आदिवासी जनजातिको स्वतन्त्र पूर्व सूसुचीत मन्जुरी तथा सहमति (FPIC) विना आदिवासी जनजातिको थातथलोमा कुनै पनि परियोजना र अन्य विकासको गतिविधि संचालन गर्न नहुने स्पष्ट व्यवस्था भएता पनि सो अनुरुप हुन नसकेको र यसलाई विकास विरोधीकोरुपमा प्रस्तुत गरिएको प्रति महासंघको गम्भिर ध्यानाकर्षण भएको । यस विषयलाई आदिवासी जनजातिको अधिकारकोरुपमा आत्मसात् गर्दै व्यवस्थित गर्न गराउनको लागि नेपाल सरकार, स्थानीय निकायहरु, परियोजनाहरु, दातृनिकायहरु लगायतलाई अपिल गर्ने यो बैठक प्रस्ताव पारित गर्दछ ।

९. मिति २०७१ मंसिर १७ र १८ गते बुटवलमा सम्पन्न भएको जिल्ला समन्वय परिषदको राष्ट्यि भेलाबाट पारित १८ बुँदे बुटवल घोषणापत्रलाई कार्यान्वयन गर्न यो बैठक प्रतिवद्धता व्यक्त गर्दछ ।

१०. मिति २०७१ माघ ४ गते नेपाल आदिवासी जनजाति महासंघद्धारा राज्य पुनरसंरचनाको सम्बन्धमा सरकार, संविधानसभाका सभाध्यक्ष र प्रमुख राजनितिकि दलहरुलाई वुझाएको ११ बुँदे अवधारणा पत्रलाई कार्यान्वयन गराउन सक्रिय भुमिका निर्वाह गर्न यो बैठक प्रतिवद्धता व्यक्त गर्दछ ।

११. मिति २०७१ फागुन १२ देखि १४ गते सम्म भएको आदिवासी जनजाति महिलाहरुको राष्ट्रिय भेलाद्धारा जारी गरेको १६ वुँदे आदिवासी जनजाति महिलाहरुको अडानपत्र २०७१ लाई आत्मसाथ गर्दै कार्यान्वयन गर्न गराउनको लागि यो बैठक प्रस्ताव पारित गर्दछ ।

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


१२. संविधानसभामा सहमतिको लागि भन्दै सत्तारुढ घटक नेपाली कांग्रेस र नेकपा एमालेले ल्याएको ९ बुँदे प्रस्तावमा आदिवासी जनजातिहरुको प्रमुख मुद्धाहरु सम्बोधन नगरेको प्रति विरोध गर्दै सच्याउनको लागि यो परिषद बैठक माग गर्दछ । साथै संविधान निर्माणार्थ संवाद र सहमतिका लागि प्रस्तुत गरिने प्रत्येक अवधारणा पत्रहरुमा आदिवासी जनजातिहरुको प्रमुख मुद्धाहरुलाई सम्बोधन गर्न सवै राजनीतिक दलहरुलाई यो बैठक अपिल गर्दछ ।

१३. नेपाल सरकारले देशका विभिन्न नगरपालिकाहरु घोषणा गर्दा आदिवासी जनजातिहरुको परम्परागत थातथलोलाई ख्याल नगरी बसोबास तथा थातथलोहरु खण्डित गरेको, नामाकरण गर्दा आदिवासी जनजातिहरुको भावना र पहिचान अनुरुप नभएको र राज्यपुनरसंरचनाको सन्दर्भमा देश अघि बढिरहेको बेला हतारमा घोषणा भएको प्रति यो बैठक विरोध गर्दछ ।

१४. देशमा दिनदिनै घटीरहेका महिला हिँसा र बलात्कारका क्रुर घटनाहरु प्रति दुःख व्यक्त गर्दै यसको प्रभावकारी रोकथाम, दोषीलाई हदैसम्मको कडा कारवाही र यस उपर अपर्याप्त रहेका कानुनी कारवाहीहरुको सुधार गर्दै अझ कडा कारवाहीको व्यवस्था गर्न, यौनजन्य र वालवालिकाहरु प्रति मानसिक असर पर्ने खालका सवै वेवसाईटहरु तत्काल वन्द गर्न गराउन नेपाल सरकार सँग यो वैठक जोडदार माग गर्दछ ।

१५. पहिचान सहितको संघीयता र संघीयता सहितको संविधानको निम्ति संविधानसभामा प्रतिनिधित्व गर्ने विभिन्न आदिवासी जनजाति समुदायका सभासदहरु सँग सम्वन्धित आदिवासी जनजाति समुदायको केन्द्रिय जातिय संगठन र नेपाल आदिवासी जनजाति महासंघ संयुक्त रुपमा वृहत छलफल निरन्तर गर्न यो परिषदको ४४औं वैठक निर्णय गर्दछ ।

१६. आमाको नामवाट पनि नागारिक्ता प्राप्त गर्ने अधिकारलाई संवैधानिक र कानुनी व्यावस्था गर्दै लोपोन्मुख, सिमान्तकृत आदिवासी जनजाति समुदायहरुको हकमा प्रशासनिकरुपमा सरल, सहज र सुलभ वनाउनका लागी नेपाल सरकार सँग यो वैठक जोडदार माग गर्दछ ।

१७. लोपोन्मुख र सिमान्तकृत आदिवासी जनजातिको भाषा संस्कृति लोप हुने खतरापूर्ण र जोखिमपूर्ण अवस्थामा रहेकालाई मध्यन्नजर राख्दै यो विषयमा तुरुन्त संरक्षण एवं अभिलेखनको कार्यक्रमहरु र व्यवस्थित वसोवासका र नागरिक्त वितरणका कार्यक्रमहरु ल्याउन नेपाल सरकार सँग माग यो परिषद वैठक जोडदार माग गर्दछ ।

१८. प्रादेशिक, स्वायत्त क्षेत्र, संरक्षित र विशेस क्षेत्रहरुमा सम्वन्धित केन्द्रिय जातिय संस्था र नेपाल आदिवासी जनजाति महासंघको संयुक्त आयोजनामा खवरदारी सभाहरु गर्न संघीय परिषदको यो ४४औं वैठक निर्णय गर्दछ ।

१९. आदिवासी जनजातिको अडान पहिचान सहितको संघीय संविधान भन्ने मुल नारालाई स्थापित गराउन सम्पूर्ण आदिवासी जनजाति संघसंगठनहरु, आदिवासी जनजाति वुद्धिजिवी, नागरीक समाज, आदिवासी जनजाति युवा, विद्यार्थी, महिला, कलाकर्मी, कर्मचारी, कानुन व्यवसायी तथा प्रवासी आदिवासी जनजाति संगठनहरुलाई पहिचान र अधिकारमुखी आन्दोलनमा जुझारु भई शसक्तरुपमा सहभागीताको लागी नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद को यो ४४औं वैठक आवह्वन गर्ने निर्णय गर्दछ ।

२०. आदिवासी जनजाति महिलाहरुको हक अधिकार सुनिश्चित गर्न आदिवासी जनजाति महलिाहरुको राष्ट्रिय भेला गर्न परिषदको यो ४४औं वैठक निर्णय गर्दछ ।

............................
नगेन्द्र कुमार कुमाल
(अध्यक्ष)

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

# नेपाल आदिवासी जनजाति महासंघ
## संघीय परिषद् सचिवालय
## Nepal Federation of Indigenous Nationalities (NEFIN)
### Secretariat of Federal Council

**नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषदको ४४औं बैठक द्धारा पारित निर्णयहरु कार्यन्वयन गर्न निम्न मितिदेखि आन्दोलनका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।**

१) नेपाल सरकारको संबैधानिक अङ्गहरुमा र अन्य विभिन्न महत्वपूर्ण निकाय तथा समितिहरुमा नियूक्ति र मनोनयन गर्दा समानुपातिक समाबेशी निती अनुरुप नियूक्ति गर्ने सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीलाई भेटी ध्यानआकर्षित गराउने। (२०७१ चैत्र मसान्त भित्र)

२) आदिवासी जनजातिको अधिकार नयाँ संविधानमा सुनिश्चित गराउने बारे आवश्यक लबिङ गर्न आदिवासी जनजाति सभासदसभा (ककस) निर्माण (मिति २०७१ चैत्र मसान्त भित्र) गरिसक्ने।

३) नेपाल आदिवासी जनजाति महासंघको २५औं स्थापना दिवसलाई रजक जयन्तीको रुपमा मनाउन २०७२ बैशाख १५ देखि २०७२ बैशाख २२ सम्म साता व्यापी रुपमा आन्दोलनको रुपमा मनाईनेछ।

४) नेपाल सरकारले घोषणा गरेका नयाँ नगरपालिकाहरु संविधान निर्माण प्रक्रियामा अवरोध पुऱ्याउने उद्देश्यले ल्याएकाले त्यसलाई तत्काल रोक्न सम्माननीय प्रधानमन्त्री तथा माननीय स्थानीय विकासमन्त्री लाई भेटी ध्यानआकर्षण गराउने। (२०७१ चैत्र मसान्तसम्म)

५) नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति सभासदहरु र सम्बन्धित केन्द्रीय जातीय संस्थाहरु बीच आदिवासी जनजातिका अधिकार नयाँ संविधानमा कसरी सुनिश्चित गर्न सकिन्छ, भन्ने बारेमा संयुक्तरुपमा नियमित छलफल आपसी समुन्वयमा २०७१ चैत्र २० गतेदेखि थालिनेछ।

६) पहिचान सहितको संघीय प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, विशेष संरक्षित क्षेत्र प्राप्ति गर्न सम्बन्धित केन्द्रीय जातीय संस्थाहरुसँग आपसी समन्वय गरी २०७१ बैशाख २ मा तमुवान प्रदेशमा खवरदारी सभा गरी अन्य ठाँउहरुमा पनि निरन्तर खवरदारी सभा गरिनेछ।

| कार्यक्रम | स्थान/मिति | आयोजक | समेटिन क्षेत्र |
|---|---|---|---|
| प्रादेशिक खबरदारी सभा | २०७२ बैशाख २ गते ............... | **NEFIN** संघीय परिषद सचिवालयको नेतृत्वमा तमू ह्यूल छोँज धिँ (गुरुङ राष्ट्रिय परिषद)को संयोजनमा तमूवान प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | तमूवान प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | **NEFIN** संघीय परिषद सचिवालयको नेतृत्वमा नेपाल मगर संघको संयोजनमा मगरात प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | मगरात प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | **NEFIN** संघीय परिषद सचिवालयको नेतृत्वमा था.क.स.को संयोजनमा थरुहट प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | थरुहट प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | **NEFIN** संघीय परिषद सचिवालयको नेतृत्वमा नेवाः देय दबूको संयोजनमा नेवा प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | नेवाः प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| प्रादेशिक खबरदारी सभा | बैठकले | **NEFIN** संघीय परिषद सचिवालयको नेतृत्वमा नेपाल तामाङ घेदुङको संयोजनमा तामाङसालिङ | तामाङसालिङ प्रदेशमा पर्ने सम्पूर्ण |

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


| | | | |
|---|---|---|---|
| | तोक्ने..... | प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | जिल्लाहरु |
| प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | **NEFIN** संघीय परिषद सचिवालयको नेतृत्वमा सुनुवार सेवा समाजको संयोजनमा वल्लो किरात प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | वल्लो किरात प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | **NEFIN** संघीय परिषद सचिवालयको नेतृत्वमा किरात राई यायोक्खाको संयोजनमा किरात प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | किरात प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | **NEFIN** संघीय परिषद सचिवालयको नेतृत्वमा नेपाल शेर्पा संघको संयोजनमा शेर्पा प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | शेर्पा प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | **NEFIN** संघीय परिषद सचिवालयको नेतृत्वमा किरात याक्थुङ थुम्लुङको संयोजनमा लिम्बुवान प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | लिम्बुवान प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| काठमाडौंमा खबरदारी सहित वृहत आमसभा | | **NEFIN** संघीय परिषद सचिवालयको नेतृत्वमा सम्पूर्ण जातीय संस्था, सम्बन्धन संस्थाहरुको संयोजनमा तथा NEFIN DCC हरु | काठमाडौं |

माथि उल्लेखित प्रादेशिक प्रदेशहरु सहित अन्य स्वायत्त क्षेत्र तथा संरक्षित क्षेत्रहरुमा सम्बन्धित केन्द्रीय जातीय संस्थाहरुसँग समुन्वय गरि खबरदारी सभाहरु सम्पन्न गरिनेछ ।

७) नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषदको ४४औं बैठकको निर्णय अनुसार मिति २०७१ चैत्र १५ गतेदेखि औपचारिक रुपमा चिठी पठाई महासंघको नेतृत्वमा पहिचान र अधिकारमुखी आन्दोलनमा सहभागिताको लागि आदिवासी जनजाति संघसंगठनहरु, आदिवासी जनजाति वुद्धिजिवी, नागरीक समाज, आदिवासी जनजाति युवा, विद्यार्थी, महिला, कलाकर्मी, कर्मचारी, कानुन व्यवसायी, प्रवासी आदिवासी जनजाति संगठनहरु, महासंघको पूर्व नेतृत्व तथा पदाधिकारीहरुलाई आव्हान गरिनेछ ।

८) नयाँ बन्ने संविधानमा आदिवासी जनजाति महिलाहरुको हक अधिकार सुनिश्चित गर्न दबाब दिने उद्देश्यले मिति २०७२ बैशाख मसान्तभित्र नेपाल आदिवासी जनजाति महासंघ महिला विभागको आयोजनामा आदिवासी जनजाति महिलाहरुको राष्ट्रिय भेला काठमाण्डौमा गरिनेछ ।